## पाठ ६३

१. येशूकहाँ आफ्ना केटकेटी ल्याउने मानिसहरूलाई येशूका चेलाहरूले किन गाली गरे ?
- चेलाहरूले सोचे कि येशू केटाकेटीहरूबाट दिक्क बन्न चाहनुहुन्न ।

२. के येशूले सबै केटाकेटीहरूलाई प्रेम गर्नुहुन्छ ?
- हो ।

३. के केटाकेटीहरू पनि पाप, मृत्यु र शैतानको शक्तिबाट बचाइनु आवश्यक छ ?
- हो छ ।

४. येशूले साना केटाकेटीहरुजस्तै बनेन भने कसैले पनि स्वर्गको राज्यमा प्रवेश गर्न सक्दैन भन्नुको अर्थ के हो ?
- येशूले भन्न खोज्नुभएको यही हो कि यदि हामीले परमेश्वरमा निर्दोष केटाकेटी जस्तै विश्वास गरेनौं भने हामी बचाइन सक्दैनौं ।

५. केटाकेटीको जस्तै विश्वास भनेको के हो ?
- केटाकेटीको विश्वास पूर्ण रूपले हुन्छ ।
- केटाकेटीहरूको विश्वास पूर्ण रूपले तिनीहरूको हृदयबाट हुन्छ ।

६. धनी युवाले येशूलाई गरेको प्रश्न के थियो ?
- अनन्त जीवन पाउन मैले के गर्नुपर्छ ?

७.येशूले के जवाफ दिनुभयो ?
- येशूले त्यस युवालाई उसले किन उहाँलाई असल भन्यो भनी सोध्नुभयो ? त्यसपछि उहाँले परमेश्वर भन्दा बाहेक अरू कोही पनि असल हुँदैन भनी भन्नुभयो ।

८. के येशूले उहाँ असल छु भन्ने कुरा अस्वीकार गरिरहनुभएको थियो ?
- होइन ।

९. के येशूले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरा अस्वीकार गरिरहनुभएको थियो ?
- होइन ।

१०. त्यसोभए येशूले किन त्यसो भन्नुभयो त ?
- येशूले त्यस युवालाई मानिसहरू पापमा जन्मिएका हुनाले पूर्ण असल हुँदैनन् भन्ने कुरा सिकाउन चाहनुहुन्थ्यो ।

- येशूले त्यस युवालाई यो पनि सिकाउन चाहनुहुन्थ्यो कि परमेश्वरले मात्रै पाप गर्नुभएको छैन र उहाँमात्रै असल हुनुहुन्छ ।

११. त्यो धनी युवालाई किन लाग्यो कि ऊ अनन्त जीवन पाउन सक्छ ?
- असल काम गरेर ।

१२. धनी युवाले बुझ्न नसकेको कुरा के थियो ?
- धनी युवाले यो कुरा बुझ्न सकेको थिएन कि यदि उसले बाहिरबाट परमेश्वरका सबै आज्ञा पालन गरे तापनि उसको भित्री हृदयले परमेश्वरका सबै आज्ञाहरू भङ्ग गरिरहेको थियो ।

१३. त्यो धनी युवा किन दुखी हुँदै गयो ?
- किनभने ऊ एकदमै धनी थियो जुन धन ऊ गुमाउन चाहदैनथ्यो ।
- किनभने ऊ आफ्नो हृदय परिवर्तन गर्नको लागि येशूलाई दिन तैयार थिएन ।

१४. को मात्रै एक हुनुहुन्छ जसले हामीलाई हाम्रो खराब हृदयबाट बचाउन सक्नुहुन्छ ?
- येशू ख्रीष्ट ।

- किनभने येशूलाई सबै मानिसको हृदय थाहा छ उहाँले मानिसहरूलाई लोभको बारेमा सिकाउनुभएको छ ।

आउनुस् लूका १२:१५ पद पढौं ।

15 फेरि येशले तिहरूलाई भन्नुभयो, "होशियार होऊ अनि सबै प्रकारका स्वार्थीपनबाट आफूलाई जोगाऊ। कसैकोमा चाहिएको सम्पत्ति भन्दा वेशी हुनु सक्छ, तर त्यले उसलाई जीवन दिन सक्तैन।"

- मानिसहरू किन लोभी छन् ?

- किनभने तिनीहरू पापमा जन्मिएका छन् ।
- किनभने तिनीहरू आफूसँग जे छैन त्यही माग्छन् ।

- संसारमा सबैभन्दा धेरै मानिसहरू आफूसँग धनसम्पत्ति भएको चाहन्छन् ।
- संसारमा सबैभन्दा धेरै मानिसहरू परमेश्वरभन्दा धनसम्पत्ति चाहन्छन् ।

- धेरै मानिसहरू अरूको सम्पत्ति देख्छन् र ती चिज आफ्नो निम्ति चाहन्छन् ।

- धेरै मानिसहरू आफूसँग धेरै सम्पत्ति र धन थियो भने खुशी भइन्थ्यो होला भनी ठान्छन् ।

- यदि कुनै मानिससँग संसारको सबै धन हुन्थ्यो भने के त्यसलाई यसलाई यदि ऊ अनन्त अग्निको दहमा गइरहेको रहेछ भने रोक्न सक्थ्यो ?
- सक्दैनथ्यो ।

- के हाम्रो जीवन धन सम्पत्तिको प्रचूरतामा हुनुपर्छ ?
- पर्दैन ।

- के हामीलाई धनसम्पत्तिले पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन सक्छ ?
- सक्दैन ।

- मानिसहरूले बुझून् भनेर येशूले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो ।

आउनुस् लूका १२:१६-१९ पद पढौं ।

16 अनि उहाँले यस्तो एउटा दृष्टान्त भन्नुभयोः "कुनै समयमा एक जना धनी मानिस थियो। त्यसको जमीनमा असल अनि प्रशस्त अन्नाबाली उब्जन्थ्यो। 17 त्यो मानिस आफैं सोच्दथ्यो, 'मैले के गर्ने मसित भएका यति प्रशस्त अन्न राख्ने ठाउँ नै छैन।'

18 "तब त्यस धनी मानसले भन्यो, 'म जान्दछु मैले के गर्नु पर्ने हो। म मेरा भकारीहरू भत्काउँछु र त्यसलाई अझ ठूलो पार्छु। ती नयाँ भकारीहरूमा म सबै अन्नहरू र अरू मेरा राम्रो चीजहरू राख्नेछु। 19 तब म आफैंलाई भन्नेछु, मेरोमा प्रशस्त राम्रो राम्रो समानहरू छन्। आउने धेरै वर्षको लागी मैले थुपारेको छु। आरामसित बस, खाउ, पीउ अनि जीवनमा आनन्द मनाऊ।'

- येशूले एकजना धनी किसानको दृष्टान्त भन्नुभयो ?

- कुनै वर्ष त्यस धनी किसाको जमिनमा यति धेरै अनाज फल्यो कि त्यहाँ राख्ने ठाउँ धरि भएन ।

- धनी किसानले सोच्यो कि उसले अन्न राख्न ठूलो भकारी बनाउनेछ र सबै अन्न त्यहाँ राख्नेछ र उसको बाँकी जीवन भरी केही काम गर्नेछेन ।

- किनभने धनी किसानलाई लाग्यो कि ऊसँग धेरै धन छ र उसलाई केही समस्या हुनेछैन ।

- किनभने धनी किसानलाई लाग्यो कि ऊसँग धेरै धन छ र ऊसँग हरथोक छ ।

- किनभने धनी किसानलाई लाग्यो कि ऊसँग धेरै धन छ र उसले परमेश्वरको बारेमा बिर्सिएर आफ्नै तरिकाले जिउनेछ ।

- यद्यपि धनी किसानले परमेश्वरलाई बिर्सियो तर के परमेश्वरले उसलाई बिर्सिनुभयो ?
- बिर्सिनुभएन ।

- त्यसपछि त्यस धनी किसानलाई के भयो भनी येशूले भन्नुभयो ?

आउनुस् लूका १२:२० पद पढौं ।

20 “तर परमेश्वरले त्यस मानिसलाई भन्नुभयो, ‘तिमी मूर्ख हौ, आज रातीनै तिमी मर्नेछौ। अनि तिमीले आफ्नै लागि तयार पारेका चीजहरू कसको हुनेछ?’

- त्यस धनी किसानलाई के भयो ?
- परमेश्वरले त्यसको प्राण लिनुभयो ।

- त्यस मानिसको प्राण लिने निर्णय कसले गर्नुभयो ?
- परमेश्वर एक्लैले ।

- सबै मानिसहरू मर्ने दिनको टुङ्गो कसले लगाउँछ ?
- परमेश्वर एक्लैले ।

- त्यस धनी किसानको त्यति धेरै धन के भयो ?
- त्यो कसैलाई खानको नम्ति छोडियो ।

- परमेश्वरले किन त्यस धनी किसानलाई मूर्ख भन्नुभयो ?

- किनभने त्यस धनी मानिसलाई लागेको थियो कि परमेश्वरले उसलाई भुल्नुहुन्छ र ऊ उसकै तरिकाले जिउँछ ।

- के त्यस धनी किसानको धेरै धनले उसलाई बचायो ?
- बचाएन ।

- के त्यस धनी किसानसँग सबै थोक थियो ?
- थिएन ।

- यद्यपि त्यस धनी किसानसँग धेरै धनसम्पत्ति थियो त्यससँग के कुरा थिएन ?
- अनन्त जीवन थिएन ।

- यो दृष्टान्त भनिसकेपछि येशूले के भन्नुभयो ?

आउनुस् लूका १२:२१ पद पढौं ।

21 "यसर्थ जसले आफ्नो निम्ति मात्र धन सम्पत्ती थुपार्छ त्यसले त्यो मानिसलाई के हुन्छ र परमेश्वरको अघि यस्ता मानिसहरू धनि होइनन्।"

- येशूले यही भन्नुभयो कि यदि हामीले धनसम्पत्ति थुपारेर राख्यौं र परमेश्वरमा भने धनी भएनौं भने हामी आत्मिक मृत्युमा जान्छौं ।

- धनसम्पत्ति भन्दा धेरै जरुरी कुरा के हो ?
- परमेश्वरमा विश्वास र अनन्त जीवन पाउनु ।

- त्यसपछि येशूले अर्को कथा भन्नुभयो ?

आउनुस् लूका १६:१९-२१ पद पढौं ।

19 येशूले भन्नुभयो, "एउटा धनी मानिस थियो। उसले बहुमूल्य लुगाहरू लगाउँथ्यो। 20 त्यहाँ लाजरस
नाउँ गरेको एक गरीब मानिस बस्थ्यो त्यो त्यस धनी मानिसको घरको ढोका अघि सुती रहन्थ्यो।
त्यसको शरीर घावै घावले भरिएको थियो। 21 यदि त्यसले त्यस धनी मानिसले खाएर उब्रेको खान
पाए पनि सन्तुष्ट हुन्थ्यो। कहिले काँही कुकुरहरूले त्यसको घाव चाटिरहेका हुन्थे।

- धनी किसान र लाजरसको कथा कसरी साँचो कथा हो भनी हामी जान्दछौं ?

- किनभने यी दुई जना मानिसहरू वास्तवमै यस धर्तिमा बाँचेका थिए ।

- यो कथाका दुई जना मानिसहरू को थिए ?

- एकजना धनी मानिस र अर्कोचाहिँ गरीब मानिस ।

- गरीब मानिसको नाउँ के थियो ?

- लाजरस ।

- यो लाजरस येशूले मरेकोबाट ब्यूँताउनुभएको लाजरस थिएन ।

- यी दुई मानिसमध्ये को धेरै आशीषित भयो ?

- के धनी मानिस उसले चाहेजस्तो खान पाएको र चाहेजस्तो लगाउन पाएको भएको कारणले गर्दा धेरै आशीषित थियो ?

- लाजरस जो बिरामी थियो र खानलाई खाना थिएन त्यो बढी आशीषित थियो ?

- सायद तपाईं भन्नुहोला धनी मानिस तर कथा अझै सकिएको छैन ।

- येशूले यी दुईजना मानिसलाई के भयो भन्ने कुरा के भयो भन्ने कुरा सुनौं ।

आउनुस् लूका १६:२२ पद पढौं ।

22 “केही समय पछि लाजरस मर्यो। स्वर्गदूतहरूले लाजरसलाई बोकेर अब्राहम को काखमा सुम्पिदिए। त्यो धनी मानिस पनि मर्यो अनि उसलाई गाडीयो ।

- जब त्यो गरीब मानिस लाजरस मर्‍यो तब के भयो ?

- स्वर्गदूतहरू आए र उसलाई परमेश्वर र अब्राहामकहाँ स्वर्गमा लगे ।

- धनी मानिसलाई के भयो ?

- के धनी मानिसको धनले उसलाई मर्नबाट रोक्यो ?
- रोक्न सकेन ।

- धनी मानिस मरेपछि कहाँ गयो ?

आउनुस् लूका १६:२३ पद पढौं ।

[23]त्यसलाई नरकलोकमा पठाइयो अनि खुबै कष्ठमा पर्यो। त्यो धनी मानिसले टाडोबाट अब्राहामले लाजरसलाई आफ्नो काखमा लिएको देख्यो।

- धनी मानिस मरेपछि कहाँ गयो ?

- नर्कमा, जहाँ आगो र आत्मिक दण्ड भोग्नुपर्छ ।

- जब कोही मर्छ तब उसको आत्मा कहाँ जान्छ ?

- कि त सोझै स्वर्गमा परमेश्वरकहाँ र क त सोझै नर्कमा जहाँ आगो र आत्मिक दण्ड भोग्नुपर्छ ।

- केही मानिसहरू भन्छन् कि मानिस मरेपछि उसको आत्मा पृथ्वीमा भट्किन्छ ।

- यो शैतानले फैलाएको झूठ हो ।

- केही मानिसहरू भन्छन् कि जब मानिस मर्छ उसको आत्मा स्वर्ग र पृथ्वी बीचको प्रतीक्षा क्षेत्रमा जान्छ ।

- यो पनि शैतानले फैलाएको झूठ हो ।

- के पृथ्वी र स्वर्गको बीचमा त्यहाँ कुनै प्रतीक्षा क्षेत्र छ र ?
- छैन ।

- केही मानिसहरू भन्छन् कि तिनीहरूले तिनीहरूका पुर्खाको स्वर सुनेका छन् वा मरेका मानिसहरूबाट सन्देश प्राप्त गरेका छन् ।

- त्यो पनि शैतानले फैलाएको झूठ हो ।

- मानिसले सुन्ने आवाज वा सन्देश त केवल शैतान वा उसका सहयोगीहरूबाट आउँछ ।

- जब एकजना मानिस मर्छ तब उसको आत्मा कि त सोझै परमेश्वरकहाँ जान्छ वा कि त नर्कमा जानछ ।

- लाजरस मर्‍यो र उसको आत्मा सोझै परमेश्वरकहाँ वास गर्न स्वर्गमा गयो ।

- धनी मानिस मऱ्यो र उसको आत्मा सोझै नर्कमा गयो जहाँ आगो र आत्मिक दण्ड छ ।

- त्यसपछि धनी मानिसले अब्राहामसँग कुरा गऱ्यो ।

आउनुस् लूका १६:२४ पद पढौं ।

[24] त्यसले चिच्याएर भन्यो, 'हे पिता अब्राहम, ममाथि दया गर्नुहोस्! लाजरसलाई मकहाँ पठाइदिनुहोस् ताकि त्यसले आफ्नो औंला पानीमा चोब्न सक्छ र मेरो जिब्रोलाई शीतल पारिदिओस्। किनभने यी ज्वालामा म कष्ट पाइरहेकोछु।'

- पहिलो, धनी मानिसले अब्राहामसँग के सोध्यो ?
- उसले अब्राहामसँग लाजरसलाई आफूकहाँ पठाइदिन भन्यो ताकि उसले शीतल पानीमा औंला चोपेर अलकित पानी चुहाइदिओस् र उसको जिब्रोले थौरै राहत पाओस् ।

- किन ?

- किनभने त्यो धनी मानिस आगोको लप्काले जलिरहेको थियो ।

- ती सबै जसले परमेश्वरमा विश्वास गर्दैनन् तिनीहरू मरेपछि कहाँ जान्छन् ।

- नर्कमा, आगो र आत्मिक दण्डको दहमा ।

- परमेश्वर पापलाई घृणा गर्नुहुन्छ र सबै पापको दण्ड मृत्यु दिनुहुन्छ ।

- अब्राहामले के भने ?

आउनुस् लूका १६:२५ पद पढौं ।

[25] "तर अब्राहमले भने, 'हे मेरो छोरो, सम्झ, तिमी कसरी बाँचिरहेका थियौ? तिम्रो जिवनमा दामीदामी धेरै चीजहरू थिए। लाजरसकोमा सबै नराम्रो चीजहरू मात्र थिए। अहिले त्यो यहाँ सुखमा छ, अनि तिमी चाँही कष्ट पाइरहेछौ।

- अब्राहामले के जवाफ दिए ?

- अब्राहामले त्यस मानिसलाई जवाफ दिए कि जब त्यो मानिस धर्तिमा जीवित थियो त्यतिखेर ऊ सुविधामा थियो तर उसले अब सास्ती खेप्नुपर्छ ।

- लाजरस किन स्वर्गमा गए ?
- किनभने लाजरसले परमेश्वरमा विश्वास गरे ।

- लाजरसलाई उनी पापमा जन्मिएका हुन् भन्ने थाहा थियो ।
- लाजरसलाई परमेश्वरले सबै पापको दण्ड मृत्यु दिनुहुन्छ भन्ने थाहा थियो ।

- लाजरसलाई परमेश्वरले उद्धारको निम्ति उद्धारकर्ता पठाउनुहुन्छ भन्ने थाहा थियो ।

- जो सबै मानिसहरू जो परमेश्वरमा विश्वास गर्छन् तिनीहरू जब मर्छन् तब कहाँ जान्छन् ?

- परमेश्वरसँग रहन स्वर्गमा ।

- के धनी मानिस धनी भएको कारणले नर्कमा गएको थियो ?
- होइन ।

- त्यसो भए धनी मानिस किन नर्कमा गयो त ?

- किनभने धनी मानिसले परमेश्वरमा विश्वास गर्न इन्कार गऱ्यो ।

- धनी मानिसले ऊ पापमा जन्मिएको हो भन्ने कुरा स्वीकार गरेन ।

- धनी मानिसले परमेश्वरले सबै पापको दण्ड मृत्यु दिनुहुन्छ भन्ने कुरामा विश्वास गरेन ।

- धनी मानिसलाई उसको निम्ति उद्धारकर्ताको खाँचो छ भन्ने कुरामा विश्वास भएन ।

- धनी मानिस केवल उसको धनको निम्ति मात्रै बाँचेको थियो ।

- अब्राहामले त्यस धनी मानिसलाई अरू थप के कुरा भने ?

आउनुस् लूका १६:२६ पद पढौं ।

[26] तिमीहरू र हाम्रो बीचमा पनि एउटा ठूलो खाडल छ। यहाँबाट कोही पनि तिमीहरू भएकोमा पुग्न सक्तैन अनि त्यहाँबाट पनि कोही यता तर्न सक्तैन।'

- अब्राहामले भने कि स्वर्ग र नर्कको बीचम त्यहाँ धैरै ठूलो खाइ भएको कारणले कोही पनि त्यसलाई पार गर्न सक्दैनथ्यो ।

- के कुनै मानिस जो एकचोटि नर्कमा पर्छ त्यो त्यहाँबाट फुत्किन सक्छ ?
- सक्दैन ।

- जब मानिस मर्छ र आत्मिक दण्डको अग्निमा पर्छ त्यसपछि उसलाई त्यहाँबाट उम्किने कुनै बाटो हुँदैन ।

- जब मानिस मर्छ र आत्मिक दण्डको अग्निमा पर्छ त्यसपछि ऊ त्यहाँ सदासदालाई रहन्छ ।

- यदि तपाईंले परमेश्वरको वचन सुन्न इन्कार गर्नुभयो भने तपाईं आत्मिक दण्डको ठाउँमा जानुहुनेछ ।

- यदि तपाईंले परमेश्वरको वचन सुन्न इन्कार गर्नुभयो भने तपाईं आत्मिक दण्डको ठाउँमा सदासदाको लागि पर्नुहुनेछ ।

- त्यसपछि त्यस धनी मानिसले अब्राहामलाई अर्को प्रश्न गर्‍यो ।

आउनुस् लूका १६:२७-२८ पद पढौं ।

[27] "त्यो धनी मानिसले भन्यो, तब हे पिता अब्राहाम। लाजरसलाई पृथ्वीमा मेरो बाबुको घर
पठाइदिनुहोस्। [28] मेरा पाँचजना भाइहरू छन्। यदि लाजरसले तिनीहरूलाई चेताउनी दिए भने,
तिनीहरू यो कष्टमय ठाउँमा आउने छैनन्।

- दोस्रो धनी मानिसले अब्राहामलाई के सोध्यो ?

- धनी मानिसले भन्यो कि लाजरस गएर एकचोटि उसका भाइहरूलाई सम्झाइदेओस् ताकि उसका भाइहरूले उसले भोगेजस्तो कष्ट भोग्नु नपरोस् ।

- यद्यपि धनी मानिस त्यहाँ ठूलो सङ्कष्टमा थियो तर पनि ऊ अझै उसका भाइहरूलाई सम्झिरहेको थियो ।

- नर्कमा के त्यो धनी मानिसले अब्राहामसँग खाना वा कम्बल मागेको हो र ?
- होइन ।

- नर्कमा के त्यो धनी मानिसले अब्राहामसँग कुखुरा वा बाख्राको रगत मागेको हो र ?
- होइन ।

- शैतान र उसका सहयोगीहरूले धेरै मानिसलाई छल गरेका छन् ।

- धेरै मानिसहरूलाई लाग्छ कि मरेका मानिसहरूलाई खाना वा कम्बल वा कुखुरा वा बाख्राको रगत चाहिन्छ ।

- त्यो शैतानले फैलाएको झूठ हो ।

- धनी मानिसले लाजरस एकचोटि धर्तिमा जाओस् र आफ्ना भाइहरूलाई सम्झाइदेओस् ताकि तिनीहरू कहिल्यै अन्त नहुने दण्डको भागिदार हुनु नपरोस् भनी चाह्यो ।

- त्यसपछि अब्राहामले त्यस धनी मानिसलाई के भने ?

आउनुस् लूका १६:२९ पद पढौं ।

29 "तर अब्राहाले भने, 'तिनीहरूको लागि पढ्न मोशाको व्यवस्था र अगमवक्ताहरूको ग्रन्थहरू छन्, तिनीहरूले तिनीहरूबाट नै सुनुन्।'

- अब्राहामले त्यस धनी मानिसलाई भने कि त्यसका भाइहरूसँग मोसा र अगमवक्ताहरू छन् र तिनीहरूले मोसा र अगमवक्ताहरूका कुरा सुन्नै पर्छ ।

- धनी मानिसका भाइहरूसँग मोसा र अगमवक्ताहरू छन् भने अब्राहामले के भन्न खोजेका थिए ?

- अब्राहामले यही भन्न खोजेका थिए कि त्यस धनी मानिसका भाइहरूसँग मोसा र अरू अगमवक्ताहरूद्वारा लेखिएका परमेश्वरका वचनहरू थिए ।

- अब्राहामले त्यस धनी मानिसलाई उसका भाइहरूले के गर्नै पर्छ भनी भनिरहेका थिए ?

- यही कि तिनीहरूले परमेश्वरको वचन पढ्नु र सुन्नु पर्छ ।

- यदि हामीले परमेशवरको वचन सुन्यौं र त्यसमा विश्वास गर्‍यौं भने हामीले अनन्त दण्डको ठाउँमा पर्नुपर्दैन ।

- त्यसपछि धनी मानिसले के भन्यो ?

आउनुस् लूका १६:३० पद पढौं ।

30 "तर त्यो धनी मानिसले भन्यो, 'होइन! पिता अब्राहाम! यदि कोही मरेकाहरूबाट एक जना त्यहाँ गए, तिनीहरूले विश्वास गर्नेछन् अनि हृदय र जीवन परिवर्तन गर्नेछन्।'

- यदि मरेकाहरूबाट कोही मानिस गएर त्यसका भाइहरूलाई चेतावनी दियो भने तिनीहरूले पश्चात्ताप गर्नेथिए भनेर त्यस मानिसले भन्यो ।

- त्यसपछि अब्राहामले के भने ?

आउनुस् लूका १६:३१ पद पढौं ।

31 "फेरि अब्राहामले भने, 'होइन! यदि तिम्रा भाइहरूले मोशा र अगमवक्ताहरूलाई सुन्दैनन् भने, तिनीहरूले मृत्युबाट उठेर आएकाहरूलाई पनि ध्यान दिदैनन्।'

- त्यस धनी मानिसलाई अब्राहामले के भने ?

- अब्राहामले त्यस धनी मानिसलाई के भने ?

- अब्राहामले भने कि यदि त्यसका भाइहरूले परमेश्वरको वचन सुनेनन् भने यदि कोही मरेकाहरूबाट गएर सम्झायो भने तापनि तिनीहरूले विश्वास गर्नेछैनन् ।

- यदि हामीले सुनेनौं भने परमेश्वरको वचनमा विश्वास गरेनौं भने त्यसबाहेक अरू केही कुरा छ जसले हामीलाई बचाउन सक्छ ?

- सक्दैन ।